# मिति २०७७।१०।०३ गतेको १०० औ कार्यपालिका बैठकका निर्णयहरु

**निर्णय नं १** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट चालु आर्थिक वर्षका लागि शर्सत तर्फको बजेट शि न २६३३३२ मा ४५ लाख प्राप्त भएकोमा सन्दर्भमा सो बजेटबाट उत्तरगंगा,कटकुवा, लाटीकोईली, जर्वुटा, गढि, रतु र सानीलेखका ७ स्वास्थ्य चौकी तथा धारापानी, दौलतपुर, प्रगतिनगर, हिलेखाली, चिसापानी, नौलापुर, घ्रुसा, पिपिरा, नेवारे र गगरिका १० आधारभुत स्वास्थ्य केन्द्रमा हाल विद्यमान जनशक्ति र स्रोत सामाग्री विश्लेषण गर्दा देहाय बमोजिम गर्ने ।

(क) हे ई (अहेव) चौथो र अ न मी थप आवश्यक संख्या क्रमश ४ र १ गरी ५ जनाको मासिक तलब रु २० हजार कायम गरी करार कार्यविधि बमोजिम छनौट गर्ने । जम्मा रकम रु ६ लाख ।

(ख) वडा न ३, ४, ५, १०, ११ र १३ का स्वास्थ्य केन्द्रमा ७ जना कार्यालय सहयोगीलाई मासिक न्युनतम पारिश्रमिक रु १३४५०। का दरले सेवा परामर्शबाट काममा लगाउने । जम्मा रकम रु ६ लाख ।

(ग) साविक देखी आधारभुत स्वास्थ्य केन्द्रमा कार्यरत हे अ पाचौं २ जना लाई मासिक तलब वृद्धि ६०००। अहेव वा अनमी ५ जनालाई मासिक तलब वृद्धि रु ४०००। गरी काममा लगाउने । जम्मा रकम रु २ लाख ।

(घ) उल्लेखित मापदण्डका आधारमा जनशक्ति परिचालन तर्फ रु १४ लाख मसलन्द तर्फ प्रति केन्द्र १ लाखको दरले रु १० लाख फर्निचर औजार उपकरण रु १४ लाख औषधी खरिद तर्फ रु ७ लाख खर्च लेख्ने ।

**निर्णय नं २** यस नगरपालिकाको चालु आर्थिक वर्षको अर्धवार्षिक समिक्षा तथा आठौं नगरसभा देहायको मितिमा संचालन गर्ने । यसको लागी सम्पुर्ण शाखा तथा वडा कार्यालयहरुले २०७७ पौष मसान्त सम्मको समिक्षा मिति २०७७।१०।१५ गते भित्र गरी १८ गते भित्र योजना शाखामा पेश गर्ने ।

अर्धवार्षिक समिक्षा २०७७।१०।२० र २१ गते आठौं नगरसभा २०७७।१०।२८ गते

**निर्णय नं ३** सुर्खेत विमानस्थलको धावनमार्ग विस्तारको सम्बन्धमा सो क्षेत्रका स्थानीय बासिन्दा बाट विस्तार कार्य अघि नबढाउन अनुरोध भई आएको सम्बन्धमा सो क्षेत्रमा विमानस्थल विस्तारमा कठिनाई देखिएकाले सुर्खेत जिल्लाको अन्य नयाँ वैकल्पिक स्थलमा विमानस्थलको खोजी गरी निर्माण गर्ने व्यवस्था हुन कर्णाली प्रदेश सरकार तथा पर्यटन तथा नागरिक उड्ययन मन्त्रालयमा अनुरोध गर्ने ।

**निर्णय नं ४** यस कार्यालयको मिति २०७७।०६।०१ को औषधी खरिद सम्बन्धी ठेक्का कार्यमा मनकामना ड्रग हाउसले बोलपत्र जमानत वापत धरौटी खातामा रु ४५ हजार जम्मा गर्नुपर्नेमा कार्यालयको राजश्व खातामा जम्मा गरेको हुँदा उक्त रकम धरौटि खातामा आम्दानि बाँधी नियमानुसार फिर्ता गर्ने ।

**निर्णय नं ५** आर्थिक वर्ष २०७६।७७ मा वडा स्तरिय आयोजना अन्तर्गत वडा न ३ भित्रका विभिन्न सडक सुधार आयोजनाको भुक्तानी गर्न बाँकी रकम रु ११ लाख चालु वर्षको कोरोना संक्रमण रोकथाम नियन्त्रण र उपचार कोष बाट रकमान्तर गरी खर्च लेख्न कार्यालयलाई स्वीकृती प्रदान गर्ने ।

...नगर कार्यपालिकाको
बैठक संख्या १०० मिति २०७७।१०।०३
को निर्णय ...

Scanned with CamScanner

**निर्णय नं ६** (क) यस नगरपालिकाबाट राष्ट्रिय लोक दोहरी गित प्रतिष्ठान र बागिना सुर्खेतमा संचालित पुर्वसावधानी गृह (क्वारेन्टाईन) तथा आईसोलेसन प्रयोग गर्दा भएको विभिन्न सामाग्रीहरु टुटफुट भई क्षतीपुर्ति रकम माग भएको सम्बन्धमा कार्यालयबाट खटिएको प्राविधिक समितिले पेश गरेको इस्टीमेट बमोजिमको टुटफुट वापत सामाग्री कोरोना संक्रमण रोकथाम नियन्त्रण र उपचार कोषबाट खर्च लेख्ने गरी उपलब्ध गराउने।

(ख) बाल मन्दिर प्रा वि समेतमा संचालित पुर्वसावधानी गृह (क्वारेन्टाईन) तथा आईसोलेसनमा प्रयोग गर्दा भएको विभिन्न सामाग्रीहरु टुटफुट तथा कम्पाउण्ड वाल निर्माण समेतको कार्य नगरपालिकाको कोरोना संक्रमण रोकथाम नियन्त्रण र उपचार कोषबाट खर्च लेख्ने गरी गर्ने।

**निर्णय नं ७** नदिजन्य पदार्थको ठेक्का बन्दोबस्त सम्बन्धमा नगरपालिकाको मिती २०७७।०७।१४ गतेको सूचना बमोजिम टेण्डरमा सहभागी भई अधिकतम मुंल्याकित सारभुत रुपमा प्रभावग्राही रु ३ करोड १ लाख कबोल गर्ने श्री रोयल विल्डर्स वी न पा ३ सुर्खेतलाई मिति २०७७।०८।२५ मा सम्झौताका लागि पत्राचार गरेको सन्दर्भमा उक्त कम्पनीले बोलपत्रको सूचना जारी भए सँगै कार्यालयले अमानतबाट राजश्व संकलन भएको हुँदा कबोल गरेको बोलपत्रमा उल्लेखित परिमाण छ वा छैन भनी पत्राचार गरेको सम्बन्धमा मिति २०७७।१०।०२ गतेको कार्यपालिकाको निर्णयानुसार स्थलगत अनुगमन गरी प्राप्त समितीको प्रतिवेदनको आधारमा मिति २०७७।१०।०२ सम्म करिब ३८ प्रतिशत परिमाण उठि सकेको प्रतिवेदन पेश भएकोमा ठेक्का कबोल कर्तालाई IEE उल्लेखित सत् प्रतिशत परिमाणमा ठेक्का सम्झौता गर्न वातावरण सम्बन्धी प्रचलित कानून अनुकुल नभएको र घटेको परिमाण घटाई खरिद सम्झौता गर्न सार्वजनिक खरिद ऐन,२०६३ को दफा (२७) मा उल्लेखित खरिद सम्झौता सम्बन्धीको विधिले समेट्न नसकेको भनी कार्यालयबाट के कसरी सम्झौता गर्ने भनी पेश हुन आएको हुँदा यस परीस्थितिमा पुन टेण्डर आह्वान गरी अगाडी बढ्दा समय धेरै लाग्ने जसको कारणले नगरको पूर्वाधार विकासमा प्रभाव पर्ने तथा प्रशासनिक खर्च समेत थप लाग्ने देखिएको हुँदा कार्यालयबाट हाल सम्म अमानतमा राजश्व संकलन गर्ने क्रममा घटेको परिमाणलाई आधार मानी बाँकी ६२ प्रतिशत परिमाण बाँकी रहन गएको देखिएको र अमानतबाट उठाउने क्रम जारी नै रहेको हुँदा स्वीकृत IEE को बिन्दुमा तोकिएको परिमाणको ६० प्रतिशत (३६०२७६ घन मिटर ) मा नबढ्ने गरी एक पटकमा एक मात्र हेब्बी उपकरण (मेसिन) प्रयोग गर्न दिने सर्तमा सो ठेकेदार कम्पनीले कबोल गरेको रकमको ६० प्रतिशतले हुन आउने रकम मुल्य अभिवृद्धि कर सहित रु १ करोड ८० लाख ६० हजारको सम्झौता गर्न ७ दिन भित्र ठेक्का सम्झौता तथा व्यवस्थापन गर्न कार्यालयलाई निर्देशन दिने।

**निर्णय नं ८** वीरेन्द्रनगर नगरपालिकाको वडा न १ मा वीरेन्द्रनगर बसपार्क निर्माण गर्ने प्रयोजनार्थ साविकमा स्वीकृत विस्तृत परियोजना प्रतिवेदन (DPR) बमोजिम जग्गा प्राप्तीका लागी उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय कर्णाली प्रदेश र संघीय वन तथा वातावरण मन्त्रालयमा पत्राचार गर्ने।

**निर्णय नं ९** वीरेन्द्रनगर नगरपालिकाको वडा न ४ मा नवनिर्मित शहिद पार्कको सुरक्षाका लागी प्रदेश निर्देशनालय तथा वडा न ४ को वडा कार्यालय बाट अनुरोध भई आएकोमा नगरकार्यपालिकाको कार्यालयले सेवा प्रदायक संस्था मार्फत मासिक १३,४५०। मा नबढ्ने गरी एक जना हेरालुको व्यवस्थापन गरी ४ न वडा कार्यालयले नै कामकाजमा लगाउने।

वीरेन्द्रनगर कार्यपालिकाको
बैठक संख्या 90 मिति 2066190103
को निर्णय ...

Scanned with CamScanner